# आवश्यक स्वयंसेवक नीतिहरू र प्रक्रियाहरू

volunteering VICTORIA

## Essential Volunteer Policies and Procedures

मार्गदर्शक/ Guide

Nepali | नेपाली

**लिखित नीतिहरू र प्रक्रियाहरू सृजना गर्नु स्वयंसेवक-संलग्न रहेका संस्थाहरूका लागि राम्रो अभ्यास हो। उनीहरूले स्वयंसेवकहरूको अधिकार, जिम्मेवारी र अपेक्षाहरूबारे स्पष्टता प्रदान गर्छन्।**

### नीतिहरू आफूलाई काम लाग्ने बनाउनुहोस्

कुनै पनि आकारका स्वयंसेवकका समूह र संगठनहरूले उनीहरूको नीति र प्रक्रियाहरू लेखेर राख्दा लाभान्वित हुन सक्छन्। त्यस्ता कागजातहरू लामो हुन वा तपाईंले के गर्नुहुन्छ भन्नेबारे प्रत्येक पक्षलाई समेट्न आवश्यक छैन। बरू, मुख्य मुद्दाहरूका लागि, निम्नबारे विचार गर्नुहोस्:

- मुद्दाबारे तपाईंको सामान्य दृष्टिकोण
- कसलाई मुद्दाले विशेष गरि असर गर्छ
- यसको सामना गर्नको लागि को जिम्मेवार छ
- कस्ता चरणहरूको पालना गर्नुपर्छ

सम्भव भएसम्म, मानिसहरू परिचित नहुन सक्ने छोटो रूप वा अन्य शब्दहरूको प्रयोग नगरी स्पष्ट सादा भाषा प्रयोग गर्नुहोस् ।

### स्पष्ट जानकारी प्रदान गर्नुहोस्

नीति र प्रक्रियाहरूले संगठनका अपेक्षाहरूबारे स्पष्ट मार्गदर्शन प्रदान गर्दछन्। स्वयंसेवकहरूलाई प्राथमिक रूपमा उनीहरूले स्वयंसेवा सुरू गर्दा वा संस्थामा समावेश हुँदा उनीहरूलाई प्रभाव पार्ने नीतिहरूबारे सचेत गराइन्छ भन्ने कुरा, सुनिश्चित गर्नुहोस्। उनीहरूमा हुन सक्ने कुनै पनि प्रश्नहरूबारे स्पष्टता प्रदान गर्न, थप सहायता (जस्तै प्रशिक्षण) माग्न र नीतिहरूबारे प्रतिक्रिया प्रदान गर्न उनीहरू सहज महसुस गर्छन् भन्ने सुनिश्चित गर्नुहोस्। यी 'जीवित' कागजातहरू हुन् जुन उपयोगी र सान्दर्भिक रहन मानिसहरूले निविष्ट गरेका कुरामा भर पर्छन् जसलाई उनीहरूले प्रभाव पार्छन्।

आफ्नो नीति र प्रक्रियाहरूमा जोड दिएर, तपाईंले स्वयंसेवकहरूलाई तिनीहरूको बारेमा सचेत बनाउनुहुन्छ। यसले देखाउँछ कि तपाईंको संस्थाले उनीहरूलाई र उनीहरूको कामलाई असर गर्ने समस्याहरूको प्रतिक्रियासम्म नै सोचेको छ।

यदि केही कुरा गलत भएमा, तपाईंसँग सबैको हितमा मुद्दाहरू समाधान गर्न सहमत सुरूवातको बिन्दु हुनेछ।

### नीति र कार्यविधि सँगै काम गर्दछन्

**नीतिले के** आवश्यक छ भनेर **बताउँछ** । यो एक दस्तावेज हो जसले व्यवहार र कार्यसम्पादनको मापदण्डको सम्बन्धमा संगठनको स्पष्ट अपेक्षाहरूलाई रूपरेखा दिन्छ। यसले स्पष्ट दिशानिर्देश र सीमितताहरू प्रदान गर्दछ।

कर्मचारी र स्वयंसेवकहरूले कुनै निश्चित परिस्थिति उत्पन्न हुँदा सन्दर्भ गर्न सक्ने प्रक्रियामा कसरी विस्तृत जानकारी उपलब्ध गराउने भनेर **प्रक्रियाले बताउँछ**।

## कुन नीतिहरू भन्ने कुरा निर्धारण गर्नुहोस्

नीति र प्रक्रियाहरूले तपाईंको संगठनमा गतिविधिहरूका लागि 'किन' र 'कसरी' भन्ने कुराको शासन गर्दछन्। तिनीहरूले सबैलाई पछ्याउन र प्रमुख क्षेत्रहरूमा जानकारी दिनको लागि एक मानक प्रदान गर्दछन्। तिनीहरू जोखिम व्यवस्थापनको एक महत्त्वपूर्ण हिस्सा पनि हुन् र कार्यसम्पादन व्यवस्थापन प्रक्रियाहरूका लागि आधार प्रदान गर्न सक्छन्। तपाईंको संगठनको लागि आवश्यक नीतिहरू र प्रक्रियाहरू तपाईंले प्रदान गर्ने कार्यक्रम र सेवाहरूका प्रकारमा निर्भर हुन्छन्।

हामीले हाम्रो वेबसाइटमा धेरै उपयोगी मार्गदर्शकहरू प्रदान गरेका छौं, जस्तै:

- स्वयंसेवाका सिद्धान्तहरू
- स्वयंसेवकहरू भर्ती गर्ने
- स्वयंसेवकको छनोट
- नयाँ स्वयंसेवकहरूका लागि अभिमुखीकरण
- प्रतिधारणको लागि स्वयंसेवकहरूको व्यवस्थापन
- द्वन्द्वको सामना गर्ने
- यौन उत्पीडन
- स्वयंसेवकहरूको गोपनीयताको सुरक्षा
- गोपनीयता र बौद्धिक सम्पत्ति
- बीमा र दायित्व
- स्वास्थ्य र सुरक्षा

तपाईंको संगठनले कार्यस्थल सञ्चालन, अन्तरक्रिया, र व्यवहारलाई मार्गदर्शन गर्न निम्न विषयहरूमा नीति र प्रक्रियाहरू लागू गर्न विचार गर्न सक्छ। तपाईंलाई आफ्नो सञ्चालनका विशेष मुद्दाहरूका लागि अन्य नीतिहरूको आवश्यकता पर्न सक्छ।

केही प्रश्नहरू वा प्रम्प्टहरू सुरूवात बिन्दुको रूपमा मात्र प्रदान गरिएका छन्:

- **अधिकार र दायित्वहरू**
  *संगठनात्मक र स्वयंसेवक अधिकार र जिम्मेवारीहरू*
- **बीमा**
  *बीमा अन्तर्गत के छ र के समावेश छैन?*
- **ड्रेस कोड**
  *कस्तो ड्रेस कोड अपेक्षित छ?*
- **बौद्दिक सम्पत्ति**
  *के स्वयंसेवकहरूले आफ्नो बौद्धिक सम्पत्तिमा अधिकार दिन्छन्?*
- **भर्ती र चयन**
  *स्वयंसेवकहरू कमजोर व्यक्तिहरूसँग संलग्न हुनेछन् भन्ने याद राख्नुहोस्*
- **स्वयंसेवक सम्झौता**
  *के त्यहाँ मानक स्वयंसेवक सम्झौता छ?*
- **इन्डक्शन र अनबोर्डिङ**
  *नयाँ स्वयंसेवकहरूका लागि कस्तो इन्डक्शन प्रदान गरिएको छ?*

» **प्रशिक्षण र सहायता**

*स्वयंसेवकहरूलाई कस्तो तालिम दिइन्छ?*

» **कल्याण**

*के स्वयंसेवकहरूले परामर्शमा पहुँच गर्न सक्छन्?*

» **सुपरिवेक्षण र सहकर्मीबाट सहायता**

*अरूसँग सञ्जाल बढाउने र जाँचबुझ गर्ने संयन्त्रहरू?*

» **कोचिङ (सिकाउने) र मेन्टरिङ (सल्लाह दिने)**

*के मेन्टरिङ वा कोचिङ प्रदान गरिन्छ?*

» **सुरक्षा**

*स्वयंसेवकहरू कसरी सुरक्षित छन्?*

» **घटना र चोटको प्रतिवेदन गर्ने**

*के घटनाहरूको खबर गर्न आवश्यक छ? तिनीहरू कसरी खबर गरिएका छन्?*

» **प्रतिपूर्ति**

*के आफ्नो खल्तीबाट तिर्नु परेका खर्चहरूको प्रतिपूर्ति गरिन्छ?*

» **मिडिया र संचार**

*मिडिया अन्तर्वार्ताहरू र सामाजिक सञ्जालको प्रयोग*

» **निजी मोटर वाहनको प्रयोग**

*के व्यापक कार बीमा आवश्यक छ? के कुनै दुर्घटनाहरू समावेश गरिन्छन्?*

» **अभिलेख व्यवस्थापन**

*के स्वयंसेवकहरू प्रतिवेदन वा अभिलेख गर्दै छन्? व्यक्तिगत अभिलेख कसरी भण्डारण गरिन्छन्?*

## उत्तम अभ्यास

स्वयंसेवक व्यवस्थापनमा अष्ट्रेलियाली उत्कृष्ट अभ्यासहरू समयसँगै विकसित भएका छन्। स्वयंसेवक संलग्नताका लागि राष्ट्रिय मानकहरू, National Standards for Volunteer Involvement (स्वयंसेवक संलग्नतालाई मार्गदर्शन गर्ने उत्तम अभ्यास ढाँचामा)यसको उदाहरण दिइएको छ। स्वयंसेवा अत्यधिक विविध परिवेश र तरिकाहरूमा हुन्छ भनेर पहिचान गर्दै राष्ट्रिय मानकहरू लचिलो रूपमा प्रयोग गर्न सकिन्छन्।

## थप जानकारी

स्वयंसेवाको लागि भिक्टोरियाको शिखर निकायको रूपमा, तपाईं सधैँ भरपर्दो स्रोत र सल्लाहको लागि हामीकहाँ आउन सक्नुहुन्छ। *अत्यावश्यक स्वयंसेवक नीतिहरू र प्रक्रियाहरू* बारे तपाईंको बुझाइ जारी राख्न तल केही उपयोगी लिङ्कहरू र स्रोतहरू छन्।

» समयमै र भरपर्दो सहयोग, तालिम, स्रोतहरू र विशेषज्ञ सल्लाहका साथ स्वयंसेवाका सबै कुराको लागि तपाईंलाई चाहिने स्रोत भनेको नै Volunteering Victoria वेबसाइट हो।

**तपाईंले खोज्नु भएको कुरा फेला पार्न सक्नुभएन?**

तपाईंका प्रश्नहरूका लागि कुनै पनि समय info@volunteeringvictoria.org.au मा Volunteering Victoria टोलीलाई सम्पर्क गर्नुहोस्।

**Volunteering Victoria वेबसाइट**

अग्रणी स्वयंसेवकहरूका लागि मार्गदर्शकहरू

स्वयंसेवक संलग्नताका लागि राष्ट्रिय मानक

प्रशिक्षण र कार्यशालाहरू
*(केही **निःशुल्क** प्रस्ताव गरिन्छन्)*

स्वयंसेवकको सुपरिवेक्षकहरूका लागि राष्ट्रिय ज्ञानको आधार

राष्ट्रिय ज्ञानको आधार: विकासका नीति र प्रक्रियाहरू

शासन यात्राहरू (Volunteering Queensland)

© Volunteering Victoria 2024 | MAR 2024 समीक्षा गरियो। Volunteering Victoria स्वयंसेवाको लागि राज्यकै शिखर निकाय हो। ए.बी.एन ABN 79 378 017 212
यो लेख सामान्य जानकारी मात्र हो, कानूनी सल्लाह होइन। यदि तपाईं अनिश्चित हुनुहुन्छ भने, आफ्ना आवश्यकताहरूबारे सधैं एउटा कानूनी पेशेवरसँग परामर्श लिनुहोस्। कानूनी सल्लाह प्राप्त गर्नेबारे मार्गदर्शनको लागि, Just Connect - nfplaw.org.au मा हेर्नुहोस्।

यो स्रोत पोलारण भाषा सेवा (Polaron Language Service) द्वारा अनुवाद गरिएको हो। तपाईं आफ्नो प्रतिक्रिया https://feedbacknow.services/ मा साझा गर्न सक्नुहुन्छ